# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५५४ पौष २०६७ वर्ष २७ अङ्क ९


## धम्मवाणी

*किं वे एकेन तिण्णेन पुरिसेन थामदस्सिना ।*
*सब्बञ्ञुतं पापुणित्वा, सन्तारेस्सं सदेवकं ॥*
*– दीपङ्करबुद्धवंस-५६*

**आफ्नो मिहेनतले केवल आफू एकजना मात्रै भव विमुक्ति भएर के गर्ने ? म सम्यक सम्बोधिको सर्वोच्च ज्ञान प्राप्त गरेर देवता र मनुष्यहरूलाई भव विमुक्ति गर्ने कारण बन्नेछु ।**

## असीम उपकार : असीम कृतज्ञता

**(गुरुजीको आत्मकथा)**

परम पूज्य गुरुदेव सयाजी ऊ वा खिनको आदेशानुसार उहाँको प्रतिनिधिको रूपमा भारत तथा वश्वका अन्य देशहरूमा धर्मदूतको दायित्व निभाईरहेको छु। पूज्य गुरुदेवको यही प्रबल धर्मकामना थियो कि भारतले विपश्यनाको अनमोल निधिलाई पुन: प्राप्त गरेर स्वयं कल्याणलाभी बन्नेछ र यसलाई विश्वव्यापी बनाएर विश्वको कल्याण गर्नेछ । उहाँको सपना पूर्ण हुनको लागि अझै समय लाग्नेछ । परन्तु कामको थालनी भईसकेको छ । देश-विदेशका प्रबुद्ध व्यक्तिहरूले यस विद्यालाई स्वीकार गरेका छन्, यसबाट फाईदा लिएका छन् । हजारौं साधक-साधिकाहरू विश्वको कल्याण गर्न धर्मसेवामा निष्ठा पूर्वक लागेका छन् । यस्तो देखेर मेरो मन एकदम सन्तोषपूर्ण शान्ति अनुभव गर्दछ । मन गद्‌गद् भएर सुखद् तरङ्ग प्रवाहित हुन्छ ।

यस्तो अवस्थामा मेरो आँखामा एक प्रकारको पवित्र दृश्य चलचित्र झैं देखापर्दछ । मन अत्यन्त भाव-विभोर भएर कृतज्ञता र श्रद्धाको भावले भर्दछ ।

### एउटा दृश्य

भगवान दीपंकर सम्यक सम्बुद्धको चरण कमलमा युवा तपश्वी ब्राह्मण सुमेध नमस्कार गर्दै बसेका छन् । मुहार पवित्र ब्रह्म-आचरणको अनुपम तेजले ओतप्रोत छ । भगवानको पाउमा मैलो नलागोस् भनेर त्यो युवक हिलोमा सुतेको कारणले आङ्गमा ओढेको खास्टो तथा कमरमा लगाएको मृगछाला भरी हिलो लागेको छ । भगवान उनको शरीरमा कुल्चेर हिलोले भरिएको भूईं नाघेर जाउन् भन्ने उसको इच्छा थियो । युवा तपस्वी सुमेधको आँखा श्रद्धाले भरिएको थियो । विनम्र, विनीत आँखा झुकिएको थियो । भगवान दीपंकरको कुरा सुनेपछि उनले थाहापाए कि जति पनि पुण्य पारमिता उनले संचित गरेका थिए ती यसै जीवनमा विमुक्त हुनको लागि पर्याप्त थियो । यस्तो कुराले पनि उनलाई केही प्रभाव पारेको थिएन । उनको मनमा प्रगाध करूणाको संवेग जागेको थियो कि "म एक्लै भव विमुक्त भएर के गर्ने ? म पनि यी भगवान् दीपंकर झैं सम्यक समबुद्ध हुन सकूँ र अनेकौं मानिसहरूको मुक्तिको काममा सहायक बन्न सकूँ ।" सम्यक सम्बुद्ध हुनको लागि दस सामान्य पारमिताका साथ-साथै अन्य दस उपपारमिता र दस परमत्थ पारमिताहरू गरी जम्मा तीस पारमिता पूरा गर्नु आवश्यक छ भन्ने कुरा पनि उनले थाहापाए । यी सबै पूरा गर्नका लागि असंख्य कल्पसम्म असंख्य जन्म जन्मिएर लोक कल्याण गर्दै भवभ्रमण गर्नुपर्छ । यी सबै कुरा थाहापाएर, बुझेर पनि अगाडि आइसकेको मुक्तिलाई परित्याग गरेर त्यस युवा तपस्वीले सुदीर्घ भ्रमणलाई अटल अविचल संकल्प गरी छाडे । त्रिकालदर्शी भगवान दीपंकरको आशीर्वाद प्राप्त गरेपछि परिणाम स्वरूप उसले बोधिको बिऊ रोपे । त्यही बिऊ पलाए र बोधिसत्व बने । त्यसपछि असंख्य जन्मसम्म भवभ्रमणको कष्ट सहँदै तीस पारमिता परिपूर्ति गर्दै उनले हिमालयको काखमा आजको नेपाल देशको पवित्र भूमि लुम्बिनीमा शाक्यकुलका महारानी महामायाको कोखमा सिद्धार्थ गौतमको नामले जन्मलिए ।

बोधिसत्वको यो अन्तिम जन्म थियो । उनलाई सम्यक सम्बुद्ध बन्नुथियो । यस्तो बोधिको बिऊ बोकेका व्यक्तिको जन्म त्यस्तो युगमा हुन्छ जुन युगमा यो मुक्तिदायिनी मार्ग विपश्यना पूर्ण रूपले लोकबाट हराईसकेको हुन्छ । त्यस व्यक्तिले यो पुरानो मार्गलाई आफ्नै परिश्रम र पुरुषार्थद्वारा खोज्नुपर्ने हुन्छ । यसको खोजी गृहस्थीमा बसेर सम्भव हुँदैन । त्यसैले २९ वर्षको युवावस्थामा राजदरवारको सम्पूर्ण सुख-सुविधाहरू तथा आफ्नो अत्यन्त सुन्दरी धर्मपत्नी यशोधरा र भर्खरै जन्मेका पुत्र राजकुमार राहुललाई त्यागेर परम सत्यको खोजीमा निस्के । त्यस समयमा प्रचलित आठौं ध्यानसम्म निपुर्ण भएपछि पनि भवमुक्तको अवस्था प्राप्तभएन तब छ: वर्षसम्म शरीरलाई कष्ट दिने कठोर तपश्या गरे, त्यसबाट पनि भवमुक्ति प्राप्त भएन । यसलाई पनि त्यागेर आफ्नो पारमिताको आधारमा भवमुक्तिको मार्ग खोजी निकाले र भवविमुक्ति प्राप्त गरे । बोधिसत्व सम्यक सम्बुद्ध बने ।

यो बैशाख पूर्णिमाको दिन थियो । दुई महिना पछि आषाढ पूर्णिमाको दिन शताब्दीऔं पछि फेरि एकपटक शुद्ध धर्मको पुन: देशना भयो । असीम लोक कल्याण हुने सहज र सरल मार्ग सबैको सामू आए । शील, समाधि र प्रज्ञाको धर्मगंगा बग्न थाल्यो । उहाँ लोकगुरुको पहिलो धर्म देशना भएको कारण आषाढ पूर्णिमाको दिन सँधैको लागि गुरुपूर्णिमा कहलियो । जीवनको ४५ वर्ष उत्तर भारतको शहर-शहर, गाउँ-गाउँमा घुम्दै करूणाले पूर्ण चित्तले

Downloaded from http://www.dhamma.digital

सबैलाई समान भावले धर्म बाँड्दै रहनुभयो। महाकारूणिक तथागतको यस्तो कल्याणी धर्मचारिका द्वारा अनेकौंले नितान्त भवविमुक्त अवस्था प्राप्त गरे। अनेकौं व्यक्तिहरू यस भव दु:खलाई निरोध गर्ने मार्गमा आरूढ भए र अगाडि बढ्दै गए। भवविमुक्त भइसकेका भिक्षु-भिक्षुणी यस्तै प्रकारले लोककल्याणमा लागे।

कहिले काँही सोच्न थाल्छु कि यो हराईसकेको विपश्यना विद्या खोजेर तथागत स्वयं आफूमात्र लाभान्वित भएर रहेको भए अथवा कसैलाई पनि नबाँडिकन रहेको भए हामीले यो अनमोल विद्या कसरी प्राप्त गर्ने ? नबाँडिकन पनि किन बस्नुहुन्थ्यो र ? अनेकौं व्यक्तिको उद्धार गर्नको लागि नै उहाँले यति धेरै कष्ट उठाउनुभयो, यति धेरै भवभ्रमण गर्नुभयो। केवल आफ्नो मात्रै मुक्ति चाहेको भए त्यति नै बेला विमुक्ति हुन्थ्यो। त्यसैले भनियो–

**बहूनं वत अत्थाय उप्पज्जन्ति तथागत।**

सबै तथागतहरू अनेकौं मानिसहरूको भलाई गर्नको लागि नै उत्पन्न हुन्छन्। साँच्चै हामी जस्तो व्यक्तिहरूका भलाईका लागि नै उहाँहरूले अनेकौं जन्मसम्म यति धेरै कष्ट सहनुभयो। हामीप्रति उहाँहरूको उपकार अपरिमित छ, उहाँ प्रतिको श्रद्धा असीम छ, उहाँप्रति कृतज्ञता असीम छ।

( २ )

एउटा अर्को दृश्य–

भगवान् बुद्धको परिनिर्वाण भएको तीन महिना पछि पाँचसय जना अरहन्त साक्षात्कार गरेका भिक्षुहरू राजगिरिको सप्तपर्णी गुफामा पहिलो पटक धर्मसंगायन गर्न जम्मा भए। यस सभाबाट भगवानको अमृत वाणीलाई शुद्धरूपमा कायम राख्ने पावन परम्परा स्थापित हुनगयो।

यदि त्यो समय त्यस्तो परम्परा नबसालेको भए यी धर्मवाणी उहिले नै विकृत भएर नाश भइसकेको हुन्थ्यो होला। हामीले यस्तो शुद्ध रूपमा कसरी पाउँथ्यौं ? उहाँहरूको उपकार प्रति असीम श्रद्धा छ, हार्दिक कृतज्ञता छ।

( ३ )

एउटा अर्को दृश्य–

देशको साम्राज्य बढाउन आतुर रिसाहा स्वभाव भएका भारतीय सम्राट अशोक सौभाग्यले धर्मको सम्पर्कमा आए। विपश्यना विद्याद्वारा धेरै फाईदा उठाए र उनको हृदय परिवर्तन भयो। समस्त विश्वमा यो एउटा अत्यन्त कल्याणकारी ऐतिहासिक घटना घट्यो। चण्ड स्वभावका अशोक धर्म अशोक बन्यो। आफ्ना प्रजाप्रति असीम वात्सल्यभाव जाग्यो, उनको सत्प्रयत्नको बलले विपश्यनाको धर्मगंगा सम्पूर्ण भारतमा बहन थाल्यो।

केवल भारतमा मात्र होइन सारा विश्वमा यो कल्याणी विद्याद्वारा मानिसहरू लाभान्वित होस् यस्तो मनोभावना उनमा जाग्यो र आफ्ना गुरुदेवसंग यसको निमित्त प्रार्थना गरे। गुरुदेव आचार्य भिक्षु मोग्गलिपुत्त तिस्सले तेस्रो संगायनको आयोजना गरे। सम्पूर्ण बुद्धवाणीको फेरि एकपटक संगायन भयो। त्यसपछि विदेशमा परियत्ति र पटिपत्ति-धर्मवाणी र विपश्यना विद्या बाँड्नका लागि धर्मदूत पठाए। धर्मको अनमोल उपहार दिनका लागि अरहन्त सोण र उत्तर आफ्ना साथीहरू सहित छिमेकी देश बर्मा पुगे। त्यस क्षेत्रमा सद्धर्मको दीप-स्तम्भ स्थापना गरे जसको कारण छिमेकी देशहरूमा पनि सद्धर्मको पुनीत ज्योति प्रकाशित भयो।

यस्तो नगरेको भए यो कल्याणी विद्या कसरी जीवित हुन पाउँथ्यो ? हामीले कसरी पाउँथ्यौं ? हामीमा धर्मराज अशोकको असीम उपकार छ, भदन्त मोग्गलिपुत्त तिस्सको असीम उपकार छ, अरहन्त सोण र उत्तरको असीम उपकार छ। उहाँहरू प्रति मेरो असीम श्रद्धा छ, असीम कृतज्ञता छ।

( ४ )

एउटा अर्को दृश्य–

केही शताब्दी बित्ने बित्तिकै भारतले यस विद्याको शुद्धता हरायो। विपश्यना विद्या विकृत हुँदै-हुँदै संधैको लागि लुप्त भयो। धर्म संगीति गर्ने परम्परा स्थापना भएको कारण केही छिमेकी देशहरूले धर्मवाणी सुरक्षित गरिराखे तर यसको अभ्यास विधि त्यहाँ पनि बाँकी रहेन। केवल म्यान्मार (बर्मा) देशले धर्मवाणीका साथै विपश्यनाविधि दुईटालाई नै शुद्ध रूपमा कायम गरिराखे।

यदि छिमेकी देशले र त्यहाँका सन्त व्यक्तिहरूले यस विद्यालाई बचाएर नराखेको भए हामीले आज कसरी पाउने ? म उहाँहरू र धर्मदेश बर्माको असीम उपकार मान्छु जसले यस सद्धर्मको पावन ज्योतिलाई प्रज्वलित गरिराखे। उहाँहरू प्रति मेरो असीम श्रद्धा छ असीम कृतज्ञता छ।

( ५ )

एउटा अर्को दृश्य–

आजभन्दा करीब ९०० वर्ष पहिला म्यान्मारमा पनि यो शुद्ध विद्या केवल दक्षिणी भागका स-साना मोन राज्यहरूमा मात्र सीमित रह्यो। ताडपत्रहरूमा लेखिएका त्रिपिटक ग्रन्थ मध्ये केही अंश मात्र बाँकी रह्यो। विपश्यना विद्या भने कायम थियो। त्यसै कारण त्यस राज्यका केही व्यक्तिहरूले आर्य अवस्था प्राप्त गरेका थिए। ती मध्ये कोही-कोही अरहन्त थिए, कोही स्रोतापन्न, कोही सगदागामी र कोही अनागामी थिए। ती मध्ये एकजना अरहन्त भिक्षु धम्मदस्सी (धर्मदर्शी) हुनुहुन्थ्यो। उहाँ धर्मदस्सी मात्र थिएनन् दीर्घदर्शी र दूरदर्शी पनि हुनुहुन्थ्यो। त्यस समय मोन देशका राजा मनुआ अत्यन्त दुर्वल थिए। छिमेकी देशका कोही पनि धर्मविरोधी महत्वाकांक्षी वलवान राजाले यस देशमा आक्रमण गरी त्यस देशको स्वाधीनता छिन्न-भिन्न पार्नुका साथै यस देशमा सुरक्षित सम्पत्ति परियत्ति र पटिपत्ति पनि ध्वस्त पार्नसक्छ भन्ने शङ्का भिक्षु धर्मदर्शीको मनमा थियो।

त्यससमय उत्तरतिर पगानका राजा अनिरूद्ध (अनोरथ) को शासनमा एउटा नयाँ शक्ति माथि आउँदै थियो। त्यहाँ सद्धर्मको शुद्धता धूलो झैं भइसकेको थियो। त्यहाँका धर्मगुरु धर्मको नाममा अन्धविश्वास फैलाएर साधारण जनतालाई ठग्दथे र आफू भने दुस्शील र दुराचारको जीवन जिउँदथे। सद्धर्मको पुनरुत्थान गर्नका लागि प्रबल धर्मकामनाका साथ अरहन्त धम्मदस्सी पगान पुगे।

पगान देशका राजा अनिरूद्ध बहादुर हुनुका साथै बुद्धिमानी पनि थिए। अरहन्त धम्मदस्सीको धर्मउपदेश सुनेपछि उनले भगवान बुद्धको सही शिक्षा के हो भन्ने कुरा तुरुन्त बुझिहाले। उनले थाहापाए कि आफूले आफैलाई अरिय (आर्य) घोषित गरेका यहाँका धर्म गुरुहरू साँच्चैका अरिय होइनन् बरू अरि (शत्रु) हुन्। सद्धर्मका दुश्मन हुन्। यिनीहरूले धर्मनाश गर्दैछन्। तिनीहरू आफै धर्मभ्रष्ट छन् र

Downloaded from http://www.dhamma.digital

अरूलाई धर्मभ्रष्ट गरिरहेका छन् । दक्षिणको मोन राज्यलाई छोडेर उत्तरको सारा म्यन्मारमा मूल त्रिपिटक विलुप्त भइसकेको थियो र विपश्यना विद्याको त नाम पनि बिर्सिसकेका थिए । उनको मनमा धर्म संवेग जाग्यो । शील, समाधि र प्रज्ञाको शुद्ध शिक्षा जुन धर्मग्रन्थमा सुरक्षित छन् ती त्रिपिटक ग्रन्थ मोन राज्यबाट मगाउने र साथमा शुद्ध धर्म सुदेशित गर्न सक्ने केही वास्तविक आर्य भिक्षुहरूलाई आमन्त्रीत गर्ने उनको विचार थियो ।

परन्तु मोन राजा मनुआले अनिरूद्धलाई अयोग्य पात्र ठानेर उनको माग मानेनन् । अत: पगानका राजा अनिरूद्धले आफ्नो सैन्यबलद्वारा मोन राज्य माथि विजय हासिल गरे र त्रिपिटकका सारा ग्रन्थ पगान ल्याए । साथमा केही प्रबुद्ध भिक्षु शिक्षकहरू स-सन्मान ल्याए । यसैप्रकार पगान राज्यमा धर्मको पुनर्जागरणको थालनी भयो । अरहन्त धम्मदस्सीको सपना साकार भयो । उनको धर्म प्रेरणाले देशको उत्तरी भागमा गाउँ-गाउँमा धर्म फैलिन थाल्यो । धर्मको दुश्मन गुरुहरूको मान मर्दन हुन थाल्यो त्यसैले पछि पगान अरिमर्दनपुरको नामले प्रसिद्ध हुन थाल्यो ।

जब पगान राज्यमा सद्धर्मको पुनर्स्थापना सुदृढ भयो तब अरहन्त धम्मदस्सी दक्षिणतर्फ धर्मप्रचारका लागि लाग्नुभयो । शुद्धधर्म प्रसारण गर्दा-गर्दै बृद्ध भएपछि एरावदी नदीको किनारमा शान्त सुरम्य पहाडमा बस्न थाल्नुभयो । त्यहाँ आफू पनि साधना गर्नुहुन्थ्यो र कोही योग्य पात्र भेटे भने विपश्यना विद्यामा पारखी बनाउनु हुन्थ्यो । यी एकजना महान सन्तका प्रबल पुरुषार्थको कारण शुद्ध धर्म फेरि एकपटक सम्पूर्ण म्यन्मार देशमा फैलियो, जसको परिणाम लामो समयसम्म आइरह्यो ।

यदि यी महान धर्मध्वज अरहन्त धर्मदस्सी भन्तेले धर्म पुनर्स्थापना गर्ने काममा आफ्नो जीवन नदिएको भए विपश्यना साधनाले कसरी काम गर्थ्यो ? हामीले यो विद्या कहाँ पाउँथ्यौं ? उहाँ धर्मदस्सी भन्ते को असीम उपकार छ । म उहाँमा हार्दिक कृतज्ञता टक्राउँछु, उहाँप्रति असीम श्रद्धा चढाउँछु ।

( ६ )

एउटा अर्को दृश्य–

करिब १५० वर्ष अगाडि म्यन्मारको राजधानी माण्डलेमा एकजना भिक्षु ञाणधज हुनुहुन्थ्यो, उहाँ समग्र पाली बाङ्मयका प्रकाण्ड विद्वान थिए । सगाईं पहाडका गुफामा प्रचलित विपश्यना विद्याको अभ्यास गरेर त्यसमा पनि पारंगत भए । त्यसपछि उत्तरतिर अवस्थित मों य्वा नगरको नजिकै लैडी गाउँको एउटा शान्त सुरम्य स्थानमा विहार बनाएर साहित्य रचना गर्न थाले । साथमा विपश्यना विद्या पनि सिकाउन थाले । त्यस गाउँको नाउँबाट उनलाई लैडी सयादोको नामले चिनिन थाल्यो ।

अरहन्त भिक्षु धम्मदस्सी पछि गुरु-शिष्य हुँदै थोरै मानिसहरूमा मात्र यो विद्या सीमित थियो । दूरदर्शी महास्थविर लैडी सयादोले देख्नुभयो कि प्रथम बुद्धशासनको २५०० वर्ष पूरा हुनेबेला आएको थियो । उहाँलाई थाहा थियो कि दोस्रो बुद्ध शासन प्रज्ञामा आधारित विपश्यना विद्याको प्रशिक्षणद्वारा आरम्भ भएर सारा विश्वमा फैलिनेछ । यस प्रसारणमा गृहत्यागी भिक्षुहरू सहित गृहस्थ आचार्यहरूको पनि ठूलो सहयोग हुनेछ ।

त्यसैले यो विद्या अहिलेसम्म पीढी-दर-पीढी केही भिक्षुहरू माझ मात्र सीमित रहँदै आएको थियो तर यी सयादोजीले गृहस्थहरूलाई पनि खुल्लागरिदिनुभयो र अनेकौं गृहस्थ शिष्यहरूलाई प्रशिक्षित गर्नुभयो । ती मध्ये सयातैजी एकजना निपूर्ण गृहस्थ आचार्य पदमा प्रतिष्ठित हुनुभयो ।

उहाँले यस्तो नगर्नु भएको भए आज हामीले यो विद्या कसरी पाउने ? उहाँ भिक्षु लैडी सयादोको असीम उपकार छ, उहाँ प्रति मेरो असीम श्रद्धा छ, असीम कृतज्ञता छ ।

( ७ )

एउटा अर्को दृश्य–

गुरुबाजे सयानैजी, एकजना सद्गृहस्थ पनि विपश्यना विद्याका सफल आचार्य हुनसक्छ भन्ने एउटा प्रयोग भिक्षु लेडी सयादोले गर्नुभयो । यस प्रयोगमा सयातैजी सफल शिक्षक भएको पुष्टि हुनुका साथै भविष्यका गृहस्थ आचार्यहरूका लागि एकजना अनुकरणीय आदर्श बन्नुभयो र प्रेरणाको स्रोत हुनुभयो ।

उहाँ सयातैजीको हामीमाथि असीम उपकार छ । उहाँ माथि हाम्रो असीम श्रद्धा छ । असीम कृतज्ञता छ ।

( ८ )

एउटा अर्को प्रेरणादायी दृश्य–

आचार्य गुरुवाजे सयातैजीले केही भिक्षुहरू र केही गृहस्थहरूलाई विपश्यनामा निपूर्ण बनाएर आचार्य पदमा प्रतिष्ठित गर्नुभयो । ती मध्ये परम पूज्य धर्मपिता गुरुदेव सयाजी ऊ वा खिन, जो विपश्यना आचार्यहरूको आकाशगङ्गामा एकजना जाज्वल्यमान तारा सावित हुनुभयो । उहाँले आफ्नो ७२ वर्षको वृद्ध उमेरसम्म आफ्ना धर्मपुत्र र धर्मपुत्रीहरूलाई विपश्यनामा परिपक्व बनाउने काम गर्नुभयो ।

उहाँको दृढ विश्वास थियो, भगवान बुद्धको महापरिनिर्वाण भएको २५०० वर्ष पश्चात द्वितीय बुद्ध शासन विपश्यनाको दुंदुभी बजाउँदै शुरू हुनेछ र यसको माध्यमबाट विश्वको कल्याण हुनेछ । उहाँ पटक-पटक भन्नुहुन्थ्यो अब समय पाकिसक्यो । विपश्यनाको बिल्कुल फुकिसक्यो, विपश्यनाको ढ्याङ्ग्रो ठटाईसक्यो । अब यसबाट लोक कल्याण गर्न आरम्भ हुनेछ र यसलाई कसैले पनि रोक्न सक्दैन ।

केवल भगवान गौतम बुद्धलाई मात्र होइन पूर्व समयका बुद्धहरू जसले सम्यक सम्बोधि प्राप्त गर्नुभयो र भविष्यमा हुने बुद्धहरू जसले सम्यक सम्बोधि प्राप्त गर्नुहुनेछन् उहाँहरू सबैले भारतको पावन भूमिप्रति अगाध श्रद्धा राख्नेछन् । यसै देशबाट नै बर्मा देशलाई शुद्ध धर्म प्राप्त भयो, मुक्तिदायिनी विपश्यना प्राप्त भयो । अत: त्यसभूमिको प्रति कृतज्ञता अनन्त हुनेछ । बर्मा देशले भारतको ऋण चुकाउनुपर्छ भन्ने ठूलो बोझ गुरुदेवको मनमा थियो । त्यसैकै पूर्तिको लागि करिब २००० वर्षको लामो समय पश्चात् सन् १९६९ मा भारतको यो प्राचीन विपश्यनाको धर्मगङ्गा आफ्नो उत्पत्तिको स्थानमा फर्कियो । र यस देशका निवासीहरूको कल्याण गर्दा-गर्दै विश्वका अनेकौं देशमा फैलिदै गयो र दु:ख निवारण गर्ने कारण बन्न सफल भयो ।

उहाँको तर्फबाट भारतको ऋण चुकाउनको लागि उहाँको प्रतिनिधि स्वरूप उहाँको धर्मपुत्र भारत आए । उनको साथमा अनेकौं जन्मका हजारौं साथी-भाई कार्यमा सहयोगी बने । ती सबैजनाले पूज्य गुरुदेव ऊ वा खिनको नै प्रतिनिधित्व गर्छन् । उहाँको तर्फबाट

Downloaded from http://www.dhamma.digital

धर्मदानको पुण्य कार्यमा निरन्तर अघि बढेका छन् र भविष्यमा पनि लागिरहनेछन् ।

अर्को तर्फ माँ सयामा, धर्म मित्र ऊ छिन टिन, धर्म मित्र ऊ टिं यी र धर्ममित्र ऊ को ले पनि आ-आफ्नो क्षेत्रमा पूज्य गुरुदेवको सपना पूरा गर्नमा अथक मिहेनत पूर्वक लागेका छन् ।

पूज्य गुरुदेवको मङ्गल मैत्रीको साथमा विश्वका अधिकांश भागमा विपश्यना विद्याले कल्याण गर्दैछ । उहाँको धर्मबल, असीम छ, अपरिमित छ । हामी माथि उहाँको उपकार असीम छ, अनन्त छ । उहाँप्रति हाम्रो श्रद्धा असीम छ, अनन्त छ । हाम्रो कृतज्ञता असीम छ, अनन्त छ ।

(साभार: हिन्दी 'विपश्यना' पत्रिका,
१९९०, आषाढ पूर्णिमा)

**कल्याणमित्र**
**सत्यनारायण गोयन्का**

## सामूहिक साधना

(१) स्थान: गरुड कुण्डल (च्यामासिङ्ग) वडा नं. ९, भक्तपुर जिल्ला
समय: प्रत्येक दिन बिहान ५-६ बजे ।

(२) स्थान: लोककीर्ति महाविहार, YMBA, ललितपुर ।
समय: शनिवार, बिहान ७-८ बजे ।

(३) स्थान: अक्षेश्वर महाविहार, पुल्चोक, ललितपुर ।
समय: क) शनिवार, बिहान ६-७ बजे
ख) बुधवार, बिहान ६-७ बजे
ग) आइतवार, दिउँसो ४-५ बजे ।

(४) स्थान: बाबुराजा महर्जन, बालकुमारी, ललितपुर ।
समय: सोमवार, बिहान ६-७ बजे ।

(५) स्थान: धम्मकीत्तिं, कीर्तिपुर ।
समय: शनिवार, बिहान ७-८ बजे ।

(६) स्थान: ज्योति भवन, कान्तिपथ, काठमाडौं ।
समय: प्रत्येक साँझ ५-६ बजे ।

(७) स्थान: धर्मचक्र विहार, बागबजार ।
समय: बुधवार, साँझ ४-५ बजे ।

(८) स्थान: आनन्दकुटी बिहार, स्वयम्भू ।
समय: शनिवार, बिहान ७-८ बजे ।

उपरोक्त सामूहिक साधनामा सम्मिलित भएर लाभ उठाउनुहोस् ।

## हिन्दी

याद करूँ जब बुद्ध कि, करूणा अमित अपार ।
तन मन पुलकित हो उठे, चित्त छाये आभार ॥

धन्य! धन्य !! गुरुदेवजी, धन्य बुद्ध भगवान ।
शुद्ध धरम ऐसा दिया, होय जगत कल्याण ॥

दुर्लभ सद्गुरु का मिलन, दुर्लभ धर्म मिलाप ।
धर्म मिला सद्गुरु मिले, सहज मिटे भवताप ॥

जनम मिला जिस देश में, धर्म मिला जिस देश ।
जागे हृदय कृतज्ञता, श्रद्धा जगे अशेष ॥

धन्य पडोसी देश के, सन्त और अरहन्त ।
रक्षित रख सद्धर्म को, मङ्गल किया अनन्त ॥

जहाँ बोधि का मुक्ति पथ, जागे बारम्बार ।
पावन भारत भूमि का, ना भूलें उपकार ॥

मङ्गल कामना सहित
एक साधिका

## हिन्दी

ज्योत जगे फिर धर्म की, दूर होय अंधियार ।
बहुजन हित-सुख सधे, हो बहुजन उपकार ॥

फिर से गूँजे गगन में, शुद्ध धरमका घोष ।
दूर होंय दुःख दर्द सब, दूर होंय सब दोष ॥

बजे धरम की दुंदुभी, गूंजे चारों कोण ।
भीषण भयरव, पाप रव, सब हो जाय मौन ॥

धरती पर फिर धर्म की, अमृत वर्षा होय ।
शाप ताप सबके धुलें, अन्तस शीतल होय ॥

धर्मभूमि पर धर्म की, गङ्ग प्रवाहित होय ।
इस मुरझाए जगत में, फिर हरियाली होय ॥

जग में बहती ही रहे, शुद्ध धर्म की धार ।
दुःखीयारे प्राणी सभी, होय दुखों के पार ॥

GREE
किरारा इलेक्टोनिक्स नेपाल
Making Better Air Conditioners
Kirara Electronics Nepal
Tel: 01-4253900, 4228719
e-mail: kirara@vianet.com.np, web: www.gree.com.cn

*सम्पादक :* रोशनी शाक्य, प्रकाशक : नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । *फोन :* ४३७१६५५, ४३७१००७ २०६७ पौष
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । *फोन :* ४२२५४९०, ४२२३९६८, ४२४८९४९, ४२५०५८१; email: nvc@mail.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, *प्रधान कार्यालय :* ४४३४ ८५०, ४४३४ ७५३; *शाखा कार्यालय :* ४२५ ९०३२, ४२ ९४५०; email: nepalpress@gmail.com

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. २००/-

साधकको नाम : ..............................

ठेगाना : ..............................

..............................

..............................

Downloaded from http://www.dhamma.digital